बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९ Insurance Board-1992

परिपत्र नं. ४

बी.स. २३ (२०७७/०७८) च.नं. ६४१

मिति:- २०७७/०५/०३

**श्री ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,**

विषय: **निषेधाज्ञाको समयमा सेवा प्रवाह गर्ने सम्बन्धमा ।**

कोभिड-१९ को संक्रमणको कारण उत्पन्न परिस्थितिको सन्दर्भमा स्थानिय प्रशासनहरुबाट निषेधाज्ञाको आदेश जारी भएको समयमा बीमकहरुले दैनिक कार्य सञ्चालन गरी सर्वसाधारणलाई सेवा प्रवाह गर्नुपर्ने हुँदा देहाय बमोजिमको व्यवस्था गर्नु गराउनुहुन यो निर्देशन जारी गरिएको छ :-

(१) बीमकहरुले आवश्यक बीमा सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि अवश्यक पर्ने कर्मचारीहरूमध्ये एक तिहाई कर्मचारीहरूद्वारा सेवा संचालन गर्ने । सम्बन्धित सबै कर्मचारीहरूले अनिवार्य रूपमा फोटो सहितको परिचयपत्र साथमा लिई हिड्ने व्यवस्था मिलाउने ।

(२) निषेधाज्ञाको आदेश जारी भएको समयमा बीमा अवधि समाप्त भएको बीमालेखको हकमा सम्बन्धित बीमितको अनुरोध विद्युतिय माध्यमबाट प्राप्त समेत का आधारमा बीमालेख नवीकरण गर्ने व्यवस्थालाई भाद्र १५ गतेसम्म कायम गर्ने व्यवस्था मिलाउने ।

(३) निषेधाज्ञाको अवधि भित्र संकलन गर्नुपर्ने जीवन बीमा प्रिमियम बापतको रकम संकलन गर्ने अवधि २०७७ भाद्र १५ गतेसम्म कायम गर्ने । उक्त अवधिको ब्याज नलाग्ने व्यवस्था मिलाउने ।

(४) बीमा अभिकर्ता र सर्भेयरको ईजाजतपत्र नवीकरणको म्याद भाद्र मसान्तसम्म थप गरी सो बापत जरिवना नलाग्ने व्यवस्था मिलाउने ।

(५) निर्जीवन बीमकले तत्काल सृजना हुने दाबी भुक्तानीको लागि विद्युतिय माध्यमबाट समेत निवेदन प्राप्त भएमा निषेधाज्ञाको अवधि समाप्त भए पछि तत्काल सर्भेयर खटाई क्षति यकिन गरी दाबी भुक्तानी गर्ने व्यवस्थालाई निरन्तरता दिने ।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**
श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति ।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np